apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

● वर्षः १२ ● अंकः २३९ ● पृष्ठः ४ ● २९ भदौ २०८३ सोमबार (14 September 2026, Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मूल्यः रु.५/-

## सिरहामा ९७ ग्राम ब्राउन सुगरसहित चार युवक पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २८ गते**



सिरहा प्रहरीले प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित चार युवकलाई पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरीले गोलबजार नगरपालिका-१२, बेतौनाबाट उनीहरूलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरो गोलबजारबाट खटिएको संयुक्त टोलीले ९७ ग्राम ५३ मिलिग्राम ब्राउन सुगरसहित चार जनालाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा गोलबजार नगरपालिका-१२ बेतौनाका करिब २५ वर्षीय मुनेश्वर मण्डल, २६ वर्षीय वीरेन्द्रकुमार साह, २० वर्षीय अरविन्दकुमार सिंह र गोलबजार नगरपालिका-६ का ३३ वर्षीय रितेश यादव रहेका छन्।

प्रहरीका अनुसार मण्डलले आफ्नै घरमा लागुऔषध बिक्री-वितरण गरिरहेको भन्ने विशेष सूचना प्राप्त भएपछि प्रहरी टोली उनको घर पुगेको थियो। खानतलासीका क्रममा मण्डलले लगाएको पाइन्टको दाहिने खल्तीमा प्लास्टिकको पोकामा राखिएको अवस्थामा ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ।

बरामद ब्राउन सुगरलाई प्लास्टिकसहित तौल गर्दा १०२ ग्राम ८८ मिलिग्राम र प्लास्टिक हटाएपछि ९७ ग्राम ५३ मिलिग्राम रहेको प्रहरीको भनाइ छ।

प्रहरीले उनीहरूको साथबाट २ हजार ५९५ रुपैयाँ नगद, पाँच थान मोबाइल फोन र एक थान डिजिटल तराजु समेत बरामद गरेको जनाएको छ।

पक्राउ परेका चारै जनामाथि लागुऔषधसम्बन्धी कसुरमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको तथा घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

## के रास्वपा सांसद खगेन्द्र सुनार ३१ गतेदेखि अनसन बस्दैछन् ?

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ २८ गते**



निर्वाचन प्रहरीको पोशाक खरिदमा भएको घोटालाका विषयमा संसद र संसदीय समितिमा कुरा उठाउँदै आएका रास्वपा सांसद खगेन्द्र सुनार भदौ ३१ देखि अनसन बस्ने चर्चा छ।

प्रतिनिधिसभाको ३० गतेको बैठकलाई आफू अनसन बस्ने विषयमा जानकारी दिने र भोलिपल्टदेखि संसदकै मूल प्रवेशद्वारमा अनसन शुरु गर्ने उनको तयारी रहेको बताइन्छ।

यसबारे अपन दैनिकले सांसद सुनारलाई सोध्दा उनले संक्षिप्त प्रतिक्रिया दिए, 'त्यस्तो हुन पनि सक्छ।' यद्यपि, उनले सेड्युल नै बनाइसकेका छैनन्। 'गर्नुपर्ने भयो भने गरौंला', उनले भने।

उनले निर्वाचन प्रहरीका लागि भएको समाग्री खरिदसँग सम्बन्धित विषयमा नेपाल प्रहरीका आईजीपी दानबहादुर कार्की र उनको परिवारका सदस्यलाई लक्षित गर्दै २५ गते प्रतिनिधिसभाको बैठकमा अभिव्यक्ति दिएका थिए।

उनले कार्कीलाई तत्काल निलम्बन वा बर्खास्त गरेर अनुसन्धान अगाडि बढाउनुपर्ने भनेका थिए।

अनुसन्धानका क्रममा निर्दोष देखिएमा उनको निर्दोषिता प्रमाणित हुनुपर्ने पक्षमा आफू भएको उनले भनेका थिए। तर, छानबीन वा अनुसन्धान नै नगर्ने भन्ने कुराप्रति उनले आपत्ति जनाएका थिए।

उनले सोही बैठकमा उक्त विषयको अनुसन्धान अगाडि नबढाइए आफू अनसन बस्न पनि तयार भएको भनेका थिए।

## राजविराज उच्च अदालत बारको अध्यक्षमा बलरामप्रसाद सिंह निर्वाचित

**अपन दैनिक संवाददाता**
**राजविराज, भदौ २८ गते**



नेपाल बार एशोसिएशनअन्तर्गत राजविराज उच्च अदालत बार एशोसिएशनको अध्यक्षमा बलरामप्रसाद सिंह फराकिलो मतान्तरसहित निर्वाचित भएका छन्।

आइतबार बिहान सम्पन्न निर्वाचनको मतपरिणामअनुसार सिंहले ११८ मत प्राप्त गरी अध्यक्षमा निर्वाचित भएका हुन्। उनका निकटतम् प्रतिद्वन्द्वी नवीन सिंहले ७१ मत प्राप्त गरे भने अर्का उम्मेदवार देवबहादुर कटुवालले ७ मत पाए।

निर्वाचन समितिका संयोजक धर्मेन्द्रकुमार यादवका अनुसार उपाध्यक्षमा विनोदकुमार पाण्डे, सचिवमा पार्वतीकुमारी जोशी थारू र सहसचिवमा अस्मिता थापा निर्वाचित भएका छन्। कोषाध्यक्ष पदमा उम्मेदवारद्वयको मत बराबर भएपछि गोला प्रथाबाट भोगीलाल यादव निर्वाचित भएका हुन्।

सदस्यतर्फ सुरेन्द्रप्रसाद यादव, डा. शिवनारायण यादव, दिलीप यादव, दिनेशकुमार सिंह, सतीशकुमार दत्त, बालकृष्ण कार्की, रामनारायण चौधरी र सन्तोषकुमार चौधरी निर्वाचित भएका छन्।

त्यसैगरी पार्षदतर्फ नारायणप्रसाद साह, डा. देवनारायण यादव, अशोककुमार झा, सुधा देव, श्यामकुमार पोखरेल, बालकृष्ण ढुङ्गाना, कौशलकिशोर दत्त, सत्यनारायण साह र अजयकुमार चौधरी थारू निर्वाचित भएका छन्।

निर्वाचनमा गणतान्त्रिक, लोकतान्त्रिक तथा प्रगतिशील समूहको संयुक्त प्यानल र प्रजातान्त्रिक लयर्स एशोसिएशनको प्यानलबीच प्रतिस्पर्धा भएको थियो। पदाधिकारीसहित

बाँकी पृष्ठ ३ ▸▸

## छानबिनको चक्रः समिति बन्छन्, दराजमै थन्किन्छन् प्रतिवेदन

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २८ गते**



सुनसरी र सिरहामा भएका घटनाको छानबिन गर्न बनेका दुई समितिले गृहमन्त्री सुधन गुरुङलाई २ भदौमा प्रतिवेदन बुझाए।

१० साउनमा सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जबाट सुरु भएको दुई समुदायको विवादपछि उत्पन्न मुठभेडबारे छानबिन गर्न गृह मन्त्रालयले समिति बनाएको थियो।

कप्तानगञ्ज घटनाबारे गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापा नेतृत्वमा र सिरहा घटनाबारे गृहका अर्का सहसचिव पुष्पराज शाही नेतृत्वमा समिति बनाइएको थियो।

उक्त समितिले प्रतिवेदन बुझाएको करिब एक महिना पुग्न लाग्दा पनि न कारबाही प्रक्रिया अघि बढेको छ, न त प्रतिवेदनबारे गृह मन्त्रालय औपचारिक रूपमा नै बोलेको छ।

एक महिना बित्दा पनि दुई समितिले बुझाएका प्रतिवेदन दराजमै थन्किएका छन्। कप्तानगञ्ज घटना हुँदा सुरुमा

बाँकी पृष्ठ ४ ▸▸

## मधेश प्रदेशका मुख्यमन्त्री यादव दुई दिने फिलिपिन्स भ्रमणमा




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २८ गते**

मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण प्रसाद यादव आइतबार दुई दिने फिलिपिन्स भ्रमणमा प्रस्थान गरेका छन्। मधेश प्रदेशको कृषि क्षेत्रलाई थप

बाँकी पृष्ठ ३ ▸▸

## गुठीका पोखरी अतिक्रमण हटाउन थप १५ दिनको समय



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २८ गते**

गुठीका पोखरी तथा पोखरीका डिलमा भएका अतिक्रमित संरचना हटाउन सम्बन्धित व्यक्ति तथा संस्थालाई थप १५ दिनको समय दिइएको छ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ लगायतका प्रतिवेदनले औंल्याएका अतिक्रमित पोखरीमध्ये पहिलो चरणमा केही पोखरी खाली गरिएपछि बाँकी पोखरीलाई चरणबद्ध रूपमा अतिक्रमणमुक्त गर्ने अभियानअन्तर्गत थप समय दिइएको हो।

यसअघि भदौ १९ गते सार्वजनिक सूचना जारी गर्दै सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र अनधिकृत संरचना आफैं हटाउन भनिएको थियो। सोहीअनुसार भदौ २७ गते अतिक्रमित संरचना हटाउने कार्य तय गरिएको थियो।

तर अनुगमनका क्रममा सम्बन्धित व्यक्तिहरूले संरचना आफैं हटाउन

बाँकी पृष्ठ ३ ▸▸

## बेवारिसे सकेट बम नेपाली सेनाले गर्‍यो डिस्पोज

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २८ गते**

सिरहाको बरियारपट्टी गाउँपालिका-३ नवटोलिनजिकै धानखेतमा बेवारिसे अवस्थामा फेला परेको सकेट बम नेपाली सेनाले डिस्पोज गरेको छ।

गाउँनजिकैको धानखेतमा पुरानो अवस्थामा सकेट बम फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। सूचना प्राप्त हुनासाथ घटनास्थल पुगेको प्रहरीले क्षेत्रलाई सुरक्षित राखेको थियो।

त्यसपछि चोहर्वास्थित नन्दाबक्स गणबाट गएको नेपाली सेनाको बम डिस्पोजल टोलीले उक्त सकेट बमलाई सुरक्षित रूपमा डिस्पोज गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी अधिकृत नरेश लिम्बुले जानकारी दिए।

प्रहरीका अनुसार उक्त बम तत्कालीन माओवादी द्वन्द्वका क्रममा छुटेको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ। बम डिस्पोज गरिएपछि स्थानीयमा देखिएको त्राससमेत हटेको प्रहरीले जनाएको छ।



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# किन प्रायः मधेशीकै भागमा पर्छ उद्योग मन्त्रालय ?

## गौरी यादवपछि फेरि दीपक साह मन्त्री बनेसँगै उद्योग मन्त्रालय मधेशी नेताकै भागमा किन पर्छ भन्ने बहस फेरि उठेको छ ।



**वीरेन्द्र रमण**

काठमाडौं उपत्यकामा खाना पकाउने ग्यासको अभाव चर्किरहेका बेला निजी ग्यास उद्योगीले असहयोग गरेको र कर्मचारीतन्त्र उद्योगीको प्रभावमा चलेको आरोप लगाएकी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले २५ भदौमा पदबाट राजीनामा दिइन् ।

उनको ठाउँमा त्यही दिन सुनसरी-४ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद दीपककुमार साह मन्त्री नियुक्त भए । कुनै समय जनमत पार्टीका उपाध्यक्ष रहेका साह पार्टीबाट अलग भएपछि आफ्नै दल गठन गरेर चुनावअघि रास्वपासँग जोडिएका थिए । २०८२ को प्रतिनिधिसभा निर्वाचनमा उनी रास्वपाको टिकटमा सुनसरी-४ बाट निर्वाचित भएका हुन् ।

एक मधेशी मन्त्री विवादबीच बाहिरिएकै दिन त्यही मन्त्रालयको जिम्मेवारी फेरि अर्को मधेशी नेताले पाएपछि पुरानो राजनीतिक प्रश्न सतहमा आएको छ- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय किन बारम्बार मधेशी नेताकै भागमा पर्छ ?

यादवबारे पछिल्लो विवाद खाना पकाउने ग्यासको अभावबाट सुरु भएको थियो । २४ भदौमा संसदीय समितिको बैठकमा उनी ग्यास उद्योगीहरूलाई 'पाता नफर्काएसम्म' आपूर्ति सहज नहुने बताएकी थिइन् । आवश्यक परे सञ्चालनमा रहेका ५८ वटै ग्यास उद्योगको लाइसेन्स खारेज गर्नुपर्ने र नेपालजस्तो मुलुकमा दुईवटाभन्दा बढी ग्यास उद्योग आवश्यक नरहेको उनको भनाइ थियो ।

यादव मन्त्रालयका कर्मचारीले आफूलाई सहयोग नगरेको र उद्योगीहरूको प्रभावमा चल्ने गरेको आरोपसमेत लगाउँछिन् । त्यसपछि ग्यास उद्योगीहरूले आपत्ति जनाए भने समस्या समाधान गर्नुको साटो उद्योगी र कर्मचारीलाई दोष दिएको भन्दै उनको आलोचना भयो ।

त्यसअघि पनि पेट्रोल र डिजेलको मूल्यसम्बन्धी निर्णय आधिकारिक रूपमा सार्वजनिक हुनुअगावै सूचना बाहिरिएको विषयमा यादव विवादमा परेकी थिइन् । संवेदनशील नीतिगत सूचना चुहिएको आशंकालाई लिएर प्रधानमन्त्री बालेन्द्र शाह उनीसँग असन्तुष्ट बनेको विवरण सार्वजनिक भएको थियो ।

केही सञ्चारमाध्यमले प्रधानमन्त्री शाहले उनलाई राति नियन्त्रणमा लिएर सोधपुछ गर्न प्रहरीलाई निर्देशन दिएको र रास्वपा अध्यक्ष रवि लामिछानेसहितको हस्तक्षेपपछि उक्त निर्देशन कार्यान्वयन नभएको दाबी गरेका थिए । तर प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय वा नेपाल प्रहरीले त्यसको आधिकारिक पुष्टि गरेका छैनन् ।

आपूर्ति व्यवस्थालाई लिएर यस मन्त्रालयका मन्त्री पटक-पटक विवादमा तानिने गरेका छन् । पेट्रोलियम पदार्थ, खाना पकाउने ग्यासलगायत वस्तुको मूल्य अन्तर्राष्ट्रिय बजारमा समेत निर्भर हुने भएकाले बाह्य बजारमा मूल्य बढ्दा त्यसको प्रभाव नेपालमा पर्छ । त्यसको प्रत्यक्ष राजनीतिक दबाब भने मन्त्रालय र मन्त्रीमाथि पर्ने गरेको छ ।

यस मन्त्रालयको जिम्मेवारी विभिन्न कालखण्डमा धेरै मधेशी नेताले सम्हालेका छन् । यही पृष्ठभूमिमा कतिपय मधेशी नेता समावेशिताका नाममा आफूहरूलाई विवादको जोखिम बढी भएको मन्त्रालय दिने र पछि त्यसैबाट राजनीतिक रूपमा कमजोर पार्ने गरिएको आरोप लगाउँछन् ।

रास्वपाका सांसद अमरेशकुमार सिंह नेपाल आयल निगमसमेत यही मन्त्रालयअन्तर्गत रहने भएकाले मधेशी नेतालाई विवादमा पार्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय दिने प्रवृत्ति रहेको बताउँछन् ।

उनका अनुसार मधेशी नेतालाई महत्त्वपूर्ण मन्त्रालय दिनुको साटो समावेशिताका नाममा उद्योग मन्त्रालयमा पुर्‍याउने र विवादमा परेपछि राजनीतिक रूपमा कमजोर हुने अवस्था सिर्जना गरिएको इतिहास छ ।

पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतो भने यसलाई फरक ढंगले हेर्छन् । उनका अनुसार मधेशीले यो मन्त्रालय बढी पाएकाले उनीहरू विवादमा परेको बढी देखिएको हो, तर मूल समस्या मन्त्रालयकै प्रकृतिमा छ ।

"मूल्य तलमाथि हुन्छ । मूल्य घट्यो भने वाहवाही हुन्छ, बढ्यो भने बदनामी हुन्छ । यो स्वाभाविक नै हो । जुन समुदायको भए पनि बदनामी हुन्छ। मधेशीले मन्त्रालयको जिम्मेवारी बढी पाएका छन्, त्यसैले बदनामी पनि बढी भएको देखिएको हो । यो मन्त्रालय नै बदनामी हुने खालको छ," महतो भन्छन् ।

**मधेशी मन्त्रीको लामो शृंखला**

उद्योग मन्त्रालयमा मधेशी नेताको उपस्थिति पहिलो जननिर्वाचित सरकारबाटै देखिन्छ । १३ जेठ २०१६ मा बीपी कोइराला नेतृत्वको सरकार गठन हुँदा रामनारायण मिश्रले उद्योग तथा वाणिज्य मन्त्रालयको जिम्मेवारी पाए ।

मिश्रले आफ्नो कार्यकालमा औद्योगिक पूर्वाधार विकास र वैदेशिक व्यापार नीतिमा महत्त्वपूर्ण भूमिका खेलेका थिए । जनकपुरधाममा जनकपुर चुरोट कारखाना स्थापना गर्ने योजनाको श्रेय पनि उनलाई दिइन्छ । पछि सोभियत संघको आर्थिक तथा प्राविधिक सहयोगमा कारखाना स्थापना भयो र लामो समय उत्पादन तथा रोजगारी सिर्जनामा योगदान दियो ।

नेपाल-भारत व्यापार तथा पारवहन र कृषिमा आधारित साना उद्योग नीतिका विषयमा समेत उनको कार्यकालमा विभिन्न नीतिगत काम भएका थिए ।

पञ्चायती व्यवस्था सुरु भएपछि वेदानन्द झा पनि उद्योग तथा वाणिज्यमन्त्री बने । तराई कांग्रेस खोलेर मधेशको राजनीतिमा होमिएका झा २०१५ सालको निर्वाचनमा अपेक्षित समर्थन प्राप्त गर्न नसकेपछि पञ्चायत व्यवस्थाको समर्थन गर्दै सरकारमा सहभागी भएका थिए । त्यसपछि उनले पञ्चायतकालमा पटक-पटक उद्योगसहित विभिन्न मन्त्रालय सम्हाले ।

पञ्चायतकालमै सप्तरीका चतुर्भुजप्रसाद सिंहले पनि उद्योग तथा वाणिज्य मन्त्रालयको जिम्मेवारी सम्हाले । बहुदलीय व्यवस्था पुनःस्थापनापछि पनि उद्योग, वाणिज्य र आपूर्तिसँग मधेशी नेताको सम्बन्ध कायम रह्यो । गजेन्द्रनारायण सिंहले आपूर्तिसँग सम्बन्धित मन्त्रालय सम्हाले र पछि उद्योगमन्त्रीसमेत बने । सर्वेन्द्रनाथ शुक्लले पनि वाणिज्य मन्त्रालयको जिम्मेवारी पाए ।

त्यसपछिका सरकारमा विमलेन्द्र निधि र हृदयेश त्रिपाठीले पनि उद्योग, वाणिज्य तथा आपूर्तिसँग सम्बन्धित मन्त्रालय सम्हाले। राजेन्द्र महतोले उद्योग, वाणिज्य तथा आपूर्तिका साथै वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी पटक-पटक पाए ।

माधवकुमार नेपाल नेतृत्वको सरकारमा महेन्द्रप्रसाद यादव उद्योगमन्त्री बने । झलनाथ खनाल नेतृत्वको सरकारमा महेन्द्र पासवानले उद्योग मन्त्रालय सम्हाले भने बाबुराम भट्टराई नेतृत्वको सरकारमा अनिलकुमार झा उद्योगमन्त्री बने ।

मातृकाप्रसाद यादवले पनि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्हाले । पछिल्लो निर्वाचित सरकारमा गौरीकुमारी यादव उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री बनिन् र उनको राजीनामापछि दीपककुमार साहले जिम्मेवारी पाएका छन् ।

यसबीच मन्त्रालयको नाम र संरचना भने पटक-पटक फेरिएको छ । २०३८ सालमा उद्योग तथा वाणिज्य मन्त्रालय स्थापना भएको थियो । २०४० सालमा त्यसको क्षेत्राधिकार बढाएर आपूर्तिको जिम्मेवारीसमेत थपियो र त्यसै वर्ष उद्योग, वाणिज्य र आपूर्ति गरी तीनवटा छुट्टाछुट्टै मन्त्रालय बने ।

२०५७ सालमा तीनवटैलाई गाभेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय बनाइयो । २०६५ सालमा फेरि उद्योग मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय गरी दुईवटा मन्त्रालय बनाइए । २०७२ सालमा वाणिज्य र आपूर्तिलाई समेत छुट्याएर अलग मन्त्रालय बनाइयो ।

संघीयता कार्यान्वयनपछि मन्त्रालयको संख्या घटाउने क्रममा २०७४ सालमा मन्त्रिपरिषद्को निर्णयबाट उद्योग, वाणिज्य र आपूर्तिलाई फेरि एउटै मन्त्रालयमा गाभियो । त्यसयता मन्त्रालय एकीकृत रूपमा सञ्चालनमा छ ।

संरचना जति फेरिए पनि मधेशी नेताको उपस्थिति निरन्तर देखिन्छ । त्यसैले यो मधेशी नेताकै भागमा पर्ने मन्त्रालय हो भन्ने भाष्यसमेत सिर्जना भएको मधेशकेन्द्रित नेताहरू बताउँछन् ।

**'अपजस धेरै पाउने मन्त्रालय'**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग पेट्रोलियम पदार्थ, खाना पकाउने ग्यास, खाद्यान्न आपूर्ति, बजार मूल्य, उद्योग र उपभोक्ता हित प्रत्यक्ष जोडिन्छन् । काठमाडौं उपत्यका वा देशभर एलपी ग्यास, पेट्रोलियम पदार्थ वा खाद्यान्न अभाव हुँदा मन्त्रालय र निजी क्षेत्रबीच आरोप-प्रत्यारोप हुने गरेको छ । त्यसैले कामको जसभन्दा अपजस बढी आउने मन्त्रालयका रूपमा यसलाई हेर्ने गरिएको छ ।

शिवकुमार मण्डल शेरबहादुर देउवा नेतृत्वको सरकारमा आपूर्तिमन्त्री थिए । उनको कार्यकालमा नेपाल आयल निगमले इन्धन डिपो निर्माणका लागि झापा, सर्लाही, चितवन र रुपन्देहीमा जग्गा खरिद गर्दा ठूलो रकम अनियमितता भएको आरोप संसद्, सार्वजनिक लेखा समिति र

बाँकी पृष्ठ ३ ▶▶

## सम्पादकीय...

### शिक्षा सुधार गर्न विद्यार्थी-विद्यालयको सुझाव कार्यान्वयन होस्

नेपालको शिक्षा प्रणाली लामो समयदेखि सुधारको बहसमा छ। पाठ्यक्रम फेरिएका छन्, शिक्षा ऐनका मस्यौदा बनेका छन्, नीति तथा कार्यक्रम घोषणा भएका छन् । तर कक्षाकोठामा पढाउने शिक्षक, पढ्ने विद्यार्थी र आफ्ना छोराछोरीको भविष्यप्रति चिन्तित अभिभावकले अपेक्षा गरेजस्तो परिवर्तन भने अझै देखिएको छैन् । यसको एउटा प्रमुख कारण शिक्षा नीति र पाठ्यक्रम निर्माणमा कक्षाकोठाको वास्तविकता पर्याप्त रूपमा समेटिन नसक्नु हो । यही सन्दर्भमा शिक्षा मन्त्री सस्मित पोखरेलले देशभर पुगेर शिक्षक, विद्यार्थी र अभिभावकका सुझाव संकलन गर्दै पाठ्यक्रम तथा शिक्षा ऐन परिमार्जन गर्ने पहल थालेको विषयलाई सकारात्मक रूपमा लिनुपर्छ। विशेषगरी मधेश प्रदेशजस्ता शैक्षिक रूपमा पछाडि परेका क्षेत्रलाई प्राथमिकतामा राखेर स्थानीय तहमा पुग्दै सुझाव लिनु सुधारको सही सुरुवात हुन सक्छ। शिक्षा मन्त्रालयमा बसेर तयार पारिएको एउटा नीति देशका सबै भूगोल, समुदाय र विद्यालयका लागि समान रूपमा प्रभावकारी हुन्छ भन्ने सोच अब बदलिनुपर्छ। हिमाली क्षेत्रको विद्यालय, पहाडको विद्यालय र मधेशको विद्यालयका समस्या एउटै छैनन् । शहरका निजी विद्यालय र ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयका चुनौती पनि फरक छन् । कतै शिक्षक अभाव छ, कतै पूर्वाधारको समस्या छ । कतै विद्यार्थीको सिकाइ कमजोर छ भने कतै अभिभावकको आर्थिक तथा सामाजिक अवस्थाले शिक्षामा असर पुर्‍याइरहेको छ । यस्तो विविधतालाई बेवास्ता गरेर बनाइएको पाठ्यक्रम व्यवहारमा प्रभावकारी हुन सक्दैन् ।

पाठ्यक्रम विद्यार्थीका लागि हो । त्यसैले विद्यार्थीको आवाजलाई केन्द्रमा राखिनुपर्छ । आजका विद्यार्थीले परीक्षामा राम्रो अंक ल्याउने शिक्षा मात्र खोजिरहेका छैनन् । उनीहरू व्यवहारिक ज्ञान, सीप, प्रविधि, सिर्जनशीलता, उद्यमशीलता र आफ्नो भविष्यसँग जोडिएको शिक्षा चाहन्छन् । मन्त्रीले विद्यार्थीको सुझावअनुसार 'स्कील एजुकेशन' मा जोड दिने संकेत गर्नु यसै कारण महत्वपूर्ण छ । तर सीप शिक्षाको अर्थ केही विषय थप्नु मात्र होइन, विद्यालयको समग्र शिक्षण पद्धतिलाई व्यवहारमुखी बनाउनु हो । नेपालको शिक्षा प्रणालीको अर्को ठूलो कमजोरी सैद्धान्तिक ज्ञान र परीक्षामुखी शिक्षामा अत्यधिक निर्भरता हो । विद्यार्थीले वर्षौं पढ्छन्, परीक्षा दिन्छन्, प्रमाणपत्र प्राप्त गर्छन्, तर जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्ने, रोजगारी सिर्जना गर्ने वा आफ्नो सीपलाई उत्पादनसँग जोड्ने क्षमता पर्याप्त विकास हुँदैन । त्यसैले स्थानीय स्तरमा सुझाव संकलन गर्दैमा सुधार सुनिश्चित हुँदैन् । सुझाव सुन्नु पहिलो चरण हो, त्यसलाई नीति र व्यवहारमा रूपान्तरण गर्नु दोस्रो र अझ महत्वपूर्ण चरण हो । शिक्षक, विद्यार्थी र अभिभावकले दिएका सुझाव मन्त्रालयका फाइलमा थन्किए भने अहिलेको पहल पनि विगतका अभ्यासजस्तै औपचारिकतामा सीमित हुनेछ । त्यसैले संकलित सुझावको वर्गीकरण, सार्वजनिक बहस, प्राथमिकता निर्धारण र कार्यान्वयन आवश्यक हुन्छ ।

मधेश प्रदेशमा शिक्षाको अवस्था सुधार्न विशेष प्राथमिकता आवश्यक छ । तर मधेशलाई 'पिछडिएको प्रदेश' भनेर हेर्ने दृष्टिकोण पर्याप्त हुँदैन । त्यहाँका वास्तविक समस्या पहिचान गरेर विद्यालयको भौतिक अवस्था, शिक्षक व्यवस्थापन, बालबालिकाको पहुँच, सिकाइको गुणस्तर, भाषिक तथा सांस्कृतिक विविधता र अभिभावकको सहभागिताजस्ता पक्षमा लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्छ । समान शिक्षा नीति मात्र होइन, अवसरमा समानता ल्याउन आवश्यकता अनुसार फरक हस्तक्षेप पनि आवश्यक हुन्छ । त्यसैले शिक्षा सुधार कुनै एक मन्त्री, मन्त्रालय वा सरकारले मात्र गर्ने काम होइन । यो शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय सरकार, शिक्षाविद् र समग्र समाजको साझा परियोजना हो । त्यसैले अहिले सुरु भएको संवादलाई निरन्तरता दिँदै 'माथिबाट नीति बनाउने र तल पठाउने' संस्कृतिको सट्टा 'तलको अनुभव सुन्ने र त्यसका आधारमा नीति बनाउने' संस्कृतिको विकास गर्नुपर्छ । काठमाडौं र मन्त्रालयमा बसेर बनाइएको शिक्षा नीति कागजमा सुन्दर देखिन सक्छ । तर त्यसले वास्तविक परिवर्तन ल्याउन कक्षाकोठाको आवाज सुन्नैपर्छ । नेपालको नयाँ शिक्षा प्रणाली यदि साँच्चिकै 'युग र माटो सुहाउँदो' बनाउने हो भने यसको पहिलो पाठ मन्त्रालयको बैठककक्षमा होइन, विद्यालयको कक्षाकोठामा लेखिनुपर्छ । शिक्षा सुधारको वास्तविक प्रयोगशाला विद्यालय हो र त्यसको पहिलो शिक्षक स्वयं विद्यार्थी, शिक्षक र समुदायको अनुभव हो । त्यसैले सुझावलाई कार्यान्वयनमा लैजानु अनिवार्य शर्त हो ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

## आजको राशिफल

**मेष :** आज स्वास्थ्यमा केही सामान्य उतारचढाव देखा पर्न सक्नेछ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**बृष :** बौद्धिक क्षेत्र तथा सिर्जनात्मक कार्यमा विशेष सफलता मिल्नेछ । पुराना साथीसँगको भेटघाटले मन प्रसन्न रहनेछ ।

**मिथुन :** घरपरिवारमा सुखशान्तिको वातावरण छाउनेछ । मातापिताको आशीर्वादले ठूला तथा अधुरा कामहरू बन्नेछन् ।

**कर्कट :** तपाईंको पराक्रम र आत्मविश्वासमा अभूतपूर्व बृद्धि हुनेछ । छोटो तथा रमाइलो यात्राको योग रहेको छ ।

**सिंह :** आज बोलीको प्रभावले महत्त्वपूर्ण कामहरू बन्नेछन् । पारिवारिक सुख र शान्तिको वातावरण कायम रहनेछ ।

**कन्या :** चन्द्रमा तपाईंको आफ्नै राशिमा प्रवेश गर्ने भएकाले आज मन प्रसन्न र उत्साहले भरिनेछ ।

**तुला :** वैदेशिक क्षेत्रसँग सम्बन्धित कामहरूमा केही ढिलासुस्ती हुन सक्छ ।

**वृश्चिक :** आयस्रोतका नयाँ बाटोहरू खुल्नेछन् भने रोकिएका धन उठ्नेछ । व्यापारिक लगानीबाट राम्रो मुनाफा कमाउन सकिनेछ ।

**धनु :** कार्यक्षेत्रमा तपाईंको जिम्मेवारी र क्षमताको उच्च कदर हुने छ । बुवाको सल्लाह लिएर काम गरेमा ठूलो सफलता मिल्नेछ ।

**मकर :** भाग्यले पूर्ण रूपमा साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यमा मन जानेछ ।

**कुम्भ :** स्वास्थ्यमा केही विशेष सावधानी तथा सतर्कता अपनाउनु होला । आकस्मिक खर्च बढ्न सक्नेछ ।

**मीन :** साझेदारी व्यवसायमा ठूलो सफलता मिल्नेछ । दाम्पत्य जीवन अत्यन्तै सुखी र आनन्दमय रहनेछ ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# भारतीय भन्दै नियन्त्रणमा लिइएका तीन गाडी कुखुरा फिर्ता



**अपन दैनिक संवाददाता**
**रौतहट, भदौ २८ गते**

रौतहटमा सशस्त्र प्रहरीले भारतीय तस्करीको आशंकामा नियन्त्रणमा लिएका तीन पिकअप बोइलर कुखुरा गौर भन्सार कार्यालयले व्यवसायीकै जिम्मा लगाएको छ।

फार्मको बिलबिजकमा समस्या देखिए पनि जीवित पक्षीको क्षति रोक्न वडा कार्यालयको सिफारिसमा कुखुरा व्यवसायीलाई जिम्मा लगाइएको हो।


गौर भन्सार कार्यालयका प्रमुख बिकास रजकका अनुसार कागजात परीक्षणका क्रममा पोल्ट्री फार्मको बिलबिजकमा कैफियत देखिएको थियो।

'कागजात जाँच गर्दा पोल्ट्री फार्मको बिलबिजकमा समस्या देखिएको हो,' भन्सार प्रमुख रजकले भने, 'तर कुखुरा मर्ने जोखिम, कुखुरा व्यवसायी र वडा कार्यालयको सिफारिस बमोजिम कुखुरा व्यवसायीकै जिम्मा लगाइएको छ। बिलबिजकको विषयमा थप अनुसन्धानका लागि आन्तरिक राजस्व कार्यालय सिमराको जिम्मा लगाइएको छ।'

यसअघि सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण रौतहटको टोलीले परोहा नगरपालिका-९ स्थित अरमान एग्रो पोल्ट्री फार्मबाट काठमाडौंतर्फ लैजान लागिएका बागमती प्रदेश ०१-०२७

बाँकी पृष्ठ ४

# देश विकासमा योगदान गर्न पूर्वराष्ट्रपति यादवको आग्रह



**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ २८ गते**

पूर्वराष्ट्रपति डा. रामवरण यादवले देश र समाजका लागि योगदान गर्ने व्यक्तिहरू नै वास्तविक रूपमा सफल र कर्मयोगी हुने बताउँदै उनीहरूलाई आगामी दिनमा पनि देशको विकासमा निरन्तर योगदान गर्न आग्रह गरेका छन्।

व्यावसायिक क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तित्व तथा संस्थालाई सम्मान गर्ने उद्देश्यले सिजन मिडियाको प्रस्तुतिमा आइतबार ललितपुरमा आयोजित 'एसियन प्रोफेसनल एचिभमेन्ट अवार्ड नेपाल २०२६' को ग्रान्ड अवार्ड समारोहमा पूर्वराष्ट्रपति यादवले नेपालसहित विभिन्न एसियाली मुलुकका व्यक्तित्वलाई सम्मान गर्ने अवसर महत्वपूर्ण भएको बताए।

नेपालका लागि बङ्गलादेशका राजदूत मोहम्मद साफिकुर रहमानले एसियाली समाजमा उत्कृष्टता, समर्पण र योगदानको सम्मान गर्दै युवासहित सबैलाई समाजसेवाका लागि प्रेरित गर्ने तथा नेपाल-बङ्गलादेशबीच जनस्तरको सम्बन्ध र सांस्कृतिक सहकार्य सुदृढ गर्ने मञ्चका रूपमा अवार्ड कार्यक्रमको प्रशंसा गरे।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सफलता निरन्तरको लगनशीलताबाट प्राप्त हुने बताउँदै विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तित्वलाई सम्मान गरेकोमा आयोजकप्रति आभार व्यक्त गरे। उनले सम्मानित व्यक्तित्वलाई समाजप्रति जिम्मेवार भएर क्रियाशील रहन आग्रह गरे।

## मधेश प्रदेशका मुख्यमन्त्री यादव दुई दिने .............

सुदृढ, आधुनिक तथा उत्पादनमुखी बनाउने उद्देश्यले मुख्यमन्त्री यादव फिलिपिन्स भ्रमणमा गएका उनको सचिवालयले जानकारी दिएको छ।

भ्रमणका क्रममा फिलिपिन्सको कृषि क्षेत्रको विकास, आधुनिक प्रविधिको प्रयोग, कृषि उत्पादन वृद्धि तथा किसानको क्षमता अभिवृद्धिसम्बन्धी अभ्यास र अनुभवबारे अध्ययन तथा छलफल हुने बताइएको छ।

मधेश प्रदेशको कृषि क्षेत्रलाई थप बलियो बनाउँदै किसानको आयआर्जन वृद्धि र कृषि क्षेत्रमा आधुनिक प्रविधिको विस्तारमा भ्रमण महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ।

## राजविराज उच्च अदालत बारको .............

अधिकांश सदस्य पदमा संयुक्त प्यानलका उम्मेदवार विजयी भएका छन्।

कूल २१७ मतदाता रहेको निर्वाचनमा १९९ मत खसेको थियो। पदाधिकारीतर्फ १९८ मत सदर र एक मत बदर भएको निर्वाचन समितिले जनाएको छ। पार्षद पदमा ६ तथा सदस्य पदमा ११ मत बदर भएको थियो।

## गुठीका पोखरी अतिक्रमण हटाउन थप .............

सुरु गरेको र थप समय माग गरेपछि कार्यान्वयन समितिले १५ दिनको अतिरिक्त समय दिएको गुठी संस्थानका प्रवक्ता जनक पोखरेलले जानकारी दिए।

थप समय दिइएका पोखरीमा देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गोन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जीरो माइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्ड रहेका छन्।

प्रवक्ता पोखरेलका अनुसार रेखाङ्कन गरिएबमोजिम अतिक्रमित संरचना हटाउने क्रममा कतिपय संरचनाको आधा भागसम्म भत्काउनुपर्ने अवस्था देखिएको छ।

तत्काल संरचना हटाउँदा बढी क्षति हुन सक्ने भएकाले सम्बन्धित व्यक्तिहरूलाई आफैं संरचना हटाउन थप समय दिइएको उनले बताए।

यसअघि पनि नक्सांकन गरी केही अतिक्रमित संरचना हटाइएको संस्थानले जनाएको छ।

थप गरिएको अवधिभित्र अतिक्रमित संरचना पूर्णरूपमा नहटाए कार्यान्वयन समितिले आफैं संरचना हटाउने चेतावनी दिएको छ।

समितिका सदस्यसचिवसमेत रहेका प्रवक्ता पोखरेलले भदौ २७ गते जारी गरेको सूचनामार्फत यस्तो जानकारी गराएका हुन्।

## किन प्रायः मधेशीकै भागमा पर्छ उद्योग .............

सञ्चारमाध्यममा व्यापक रूपमा उठेको थियो।

मातृकाप्रसाद यादव उद्योगमन्त्री हुँदा व्यवसायीसँगको टकराव, कर्मचारीसँगको सम्बन्ध तथा मन्त्रालय मातहतका संस्थानमा सरुवा-बढुवाका विषयलाई लिएर विवादमा परे। चिनी आयातमा परिमाणात्मक बन्देज लगाउने निर्णयपछि बजारमा चिनीको मूल्य बढेको र उपभोक्ता मारमा परेको भन्दै सरकारको आलोचना भएको थियो। अहिले गौरी यादवको बहिर्गमन पनि ग्यास अभाव र आपूर्ति व्यवस्थाकै विवादसँग जोडिएको छ।

महतो नेपाल पेट्रोलियम पदार्थलगायत धेरै वस्तुका लागि भारतसहित अन्य मुलुकमा निर्भर भएकाले मूल्य समायोजन सरकारको पूर्ण नियन्त्रणमा नरहने बताउँछन्। तर मूल्य बढ्दा त्यसको अपजस मन्त्रालयले बेहोर्नुपर्ने उनको भनाइ छ।

अर्थशास्त्री भोगेन्द्र झा भने बजारमा देखिएको समस्या कुनै एक मन्त्रीको मात्र नभई समग्र सरकारी संयन्त्रको समस्या भएको बताउँछन्। बजारमाथि सरकारको प्रभावकारी नियन्त्रण कमजोर हुँदा मूल्यमा अस्वाभाविक उतारचढाव देखिने र त्यसको दोष एउटै मन्त्रीलाई दिएर समस्या समाधान नहुने उनको तर्क छ।

मिठाईजस्तो सामान्य वस्तुको मूल्यसमेत चाडपर्व नजिकिँदा अचानक बढ्ने अवस्था बजारमाथि सरकारको नियन्त्रण कमजोर भएको उदाहरण भएको उनी बताउँछन्। झा राजनीतिक नेतृत्वको प्रतिबद्धता पनि उत्तिकै महत्त्वपूर्ण ठान्छन्। रामनारायण मिश्र उद्योगमन्त्री हुँदाको उदाहरण दिँदै जनकपुर चुरोट कारखाना जनकपुरधाममै स्थापना गराउन मिश्रले अडान लिएको उनी बताउँछन्।

सरकार र राजनीतिक नेतृत्व प्रतिबद्ध भए बजार नियन्त्रण र समस्याको निकास दुवै सम्भव हुने उनको भनाइ छ। मन्त्रीले कर्मचारीबाट सहयोग नपाएको बताइरहेको अवस्थामा मन्त्रीलाई मात्रै हटाउने कि सरकारी संयन्त्रमा देखिएको कमजोरी सुधार गर्ने भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण रहेको उनी बताउँछन्।

**मन्त्रालयमा मधेशी नै किन ?**

अमरेशकुमार सिंह आफूले विगतको इतिहास हेरेर नै उद्योग मन्त्रालयबारे टिप्पणी गर्ने गरेको बताउँछन्। उनका अनुसार कतिपय मधेशी नेतालाई राजनीतिक रूपमा कमजोर पार्न यस्तो जिम्मेवारी दिइएको देखिन्छ। "उद्योग मन्त्रालय प्रायः मधेशी समुदायलाई दिइँदै आएको छ," सिंह भन्छन्, "जो-जो मधेशी उद्योगमन्त्री बने, सबैको राजनीति नै समाप्त भएको छ।"

पूर्वउद्योगमन्त्री अनिलकुमार झा भने मन्त्री बनाउने वा नबनाउने अधिकार प्रधानमन्त्रीको भएकाले यसलाई षड्यन्त्रका रूपमा मात्रै हेर्न नहुने बताउँछन्। मधेशमा धेरै उद्योग रहेकाले मधेशी मन्त्रीले त्यस क्षेत्रका विषय राम्रोसँग बुझ्ने र त्यसैका आधारमा जिम्मेवारी दिइएको हुन सक्ने उनको तर्क छ। "मधेशीले उद्योगका कुरा राम्रोसँग बुझ्छन् भनेर जिम्मेवारी दिइएको हुन सक्छ। यसलाई खासै टिप्पणीको विषय बनाउनुपर्छ जस्तो लाग्दैन," झा भन्छन्।

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादव भने जनताको दैनिक समस्यासँग प्रत्यक्ष जोडिएका मन्त्रालयमा आरोप र विवाद बढी आउनुलाई स्वाभाविक ठान्छन्।

राष्ट्रिय मुक्ति पार्टीका महासचिव अनिल महासेठचाहिँ मन्त्रीको सफलता मन्त्रालयभित्रको शक्ति संरचनासँग पनि जोडिएको देख्छन्।

महासेठका अनुसार अहिले गौरी यादव एउटा पात्र मात्रै हुन्। विगतमा पनि मन्त्री बन्न चाहने नेताको महत्त्वाकांक्षाको फाइदा उठाउँदै सरकार प्रमुखले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय दिएर थन्काउने प्रवृत्ति देखिएको उनको दाबी छ। उनी भन्छन्, "जो-जो मन्त्री स्थायी सत्तासँग मिलेर काम गरेका छन्, उनीहरूको काम भएको छ। नमिलेकाहरू विगतमा पनि बदनाम भएका छन्। यो कुनै नौलो विषय होइन।"









# मधेशले धेरै कुरा सुनायो, अब नीतिमा समेट्छौं: शिक्षामन्त्री पोखरेल

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २८ गते**

शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले मधेश यात्राका क्रममा विद्यार्थी, अभिभावक, शिक्षक तथा समुदायबाट प्राप्त सुझाव र अनुभवले आगामी शिक्षा ऐन तथा राष्ट्रिय पाठ्यक्रम निर्माणमा महत्त्वपूर्ण सहयोग पुग्ने बताएका छन्।

भदौ २६ गते बिहान धनुषाबाट सुरु भएको मधेश यात्रा सप्तरीको महावीर माध्यमिक विद्यालयमा पुगेर सम्पन्न भएपछि मन्त्री पोखरेलले यात्राका क्रममा काठमाडौंमा बसेर कहिल्यै नसुनिएका समस्या प्रत्यक्ष रूपमा सुन्ने तथा विद्यार्थी, अभिभावक, शिक्षक र समुदायबाट महत्त्वपूर्ण सुझाव प्राप्त गर्ने अवसर मिलेको बताएका हुन्।

यात्राका क्रममा मधेशमा गुणस्तरीय इन्जिनियरिङ शिक्षाको ठूलो आवश्यकता रहेको थप स्पष्ट भएको मन्त्री पोखरेलले बताएका छन्। त्यस्तै कृषि शिक्षा तथा कृषि कलेजको आवश्यकता पनि अत्यन्तै महत्वपूर्ण रहेको उनले उल्लेख गरेका छन्।

बर्दिवासमा निर्माण हुने मेडिकल कलेजको प्रस्तावित स्थलमा पुगेर स्थानीयवासीसँग भेटघाट तथा अन्तरक्रिया गर्ने अवसरसमेत प्राप्त भएको उनले बताएका छन्।

मधेश यात्राका क्रममा प्राप्त आवाज, अनुभव र सुझावलाई तथ्य तथा प्रमाणमा आधारित दस्ताबेजका रूपमा समेटिने मन्त्री पोखरेलले बताएका छन्।

वास्तविक समस्या र आवश्यकतालाई बुझेर नीति निर्माण गर्ने प्रयासअन्तर्गत गरिएको यात्राबाट प्राप्त सुझावले आगामी शिक्षा ऐनलगायतका कानुन तथा नयाँ राष्ट्रिय पाठ्यक्रम निर्माणमा ठोस सहयोग पुग्ने उनले विश्वास व्यक्त गरेका छन्।



मधेश यात्रा सम्पन्न भएपछि आफूहरू पूर्वाञ्चल विश्वविद्यालयको भ्रमणका लागि अघि बढिरहेको र त्यसपछि काठमाडौं फर्किने मन्त्री पोखरेलले जानकारी दिएका छन्।

'मधेशले धेरै कुरा सुनायो। अब ती आवाजलाई नीतिमा समेट्ने जिम्मेवारी हाम्रो हो,' मन्त्री पोखरेलले भनेका छन्।

# जनप्रतिनिधिबीच भागबन्डा नमिल्दा बटेश्वरमा अझै भएन बजेट पारित

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २८ गते**

आर्थिक वर्ष २०८३/८४ सुरु भएको दुई महिना बित्न लाग्दा पनि धनुषाको बटेश्वर गाउँपालिकाले बजेट पारित गर्न सकेको छैन । गाउँपालिकाले गत १० असारमा चालु आर्थिक वर्षको बजेट प्रस्तुत गरे पनि जनप्रतिनिधिबीच बजेट भागबन्डामा कुरा नमिल्दा पारित हुन नसकेको हो।

बटेश्वरमा एक वडाध्यक्ष बाहेक अध्यक्षदेखि वडासदस्यसम्म जनप्रतिनिधि नेपाली कांग्रेसबाट निर्वाचित छन्। कार्यकालको अन्तिम वर्षमा बढी बजेट पाउने स्वार्थको लडाइँले उनीहरूबीचकै बजेट बाँडफाँटको विवादले गाउँपालिकाको बजेट प्रक्रिया रोकिएको छ। बजेट पारित नहुँदा आर्थिक कारोबार ठप्प छ । कामकाज प्रभावित भएका छन्। बिग्रेको एम्बुलेन्स बनाउन पनि समस्या छ।




२०७९ सालमा निर्वाचित जनप्रतिनिधिको कार्यकाल अब केही महिना मात्रै बाँकी छ। त्यसैले सकभर बढी बजेट आफ्नो पोल्टामा पार्ने होडमा जनप्रतिनिधि छन्। विगतमा वडाध्यक्षलाई करिब एक करोड रुपैयाँसम्म बजेटको सीमा निर्धारण गरिँदै आएको थियो। तर यसपटक नेपाल सरकारबाट समानीकरण अनुदानबापत ९ करोड रुपैयाँ मात्रै प्राप्त भएकाले बजेट बाँडफाँटमा समस्या भएको गाउँपालिका अध्यक्ष रामअशिष महतो स्वीकार्छन्।

अध्यक्ष महतोले सुरुमा वडाका लागि ४० लाख रुपैयाँ सिलिङ तोकेका थिए। तर वडाध्यक्षहरूले भने विगतकै जस्तो एक करोड रुपैयाँ माग गर्दै आएका थिए । लामो छलफलपछि अहिले वडाका लागि ६५ लाख रुपैयाँ छुट्याउने सहमति भएको अध्यक्ष महतोले बताए।

'बजेट पारित नहुनुको कारण वडाको सिलिङ नमिलेको हो। वडाले एक करोड मागिरहेका थिए। अहिले ६५ लाखमा कुरा मिलिसकेको छ,' अध्यक्ष महतोले भने, 'अब उपाध्यक्ष र कार्यपालिका सदस्यबीच बजेट सिलिङ मिलाउन बाँकी छ। त्यसपछि बजेट पारित हुन्छ।'

उनका अनुसार वडालाई ६० लाख रुपैयाँ पुँजीगत र पाँच लाख रुपैयाँ चालु खर्चबाट सञ्चालन खर्च व्यवस्थापन गर्ने सहमति भएको छ। ९ करोड रुपैयाँको समानीकरण अनुदानमध्ये करिब पाँच करोड रुपैयाँ क्रमागत योजना तथा दायित्वमा खर्च हुने भएकाले बाँकी करिब चार करोड रुपैयाँबाट सबै पक्षको बजेट सिलिङ मिलाउनुपर्ने दबाब छ।

केही जनप्रतिनिधिले भने कर्मचारीले जनप्रतिनिधिबीच विवाद बढाएर बजेट पारित गर्न ढिलाइ गरिरहेको आरोप लगाएका छन्। कार्यकाल सकिन लागेकाले विवाद लम्ब्याएर पछि कर्मचारीले आफूखुसी बजेट चलाउने अवस्था बनाउन खोजेको उनीहरूको दाबी छ।

तर प्रमुख प्रशासकीय अधिकृत रेवतीप्रसाद पौडेलले कर्मचारीको त्यस्तो नियत नरहेको बताए।

'जनप्रतिनिधिबीचमै बजेट सिलिङको कुरा नमिलेका कारण बजेट पारित हुन नसकेको हो। कर्मचारीले खेलाएर समय बिताउने र आफूखुसी बजेट चलाउने कुनै नियत छैन,' उनले भने।

पौडेलका अनुसार समानीकरण अनुदान, ससर्त अनुदान तथा अन्य अनुदानसमेत जोड्दा गाउँपालिकाले करिब ४० करोड रुपैयाँको बजेट पारित गर्न सक्ने अवस्था छ।

## भारतीय भन्दै नियन्त्रणमा लिइएका तीन गाडी ............

च ८४८३, ना ५ च १८९८ र प्रदेश २-०३-००१ च ०६७७ नम्बरका तीन वटा पिकअप नियन्त्रणमा लिएर भन्सार बुझाएको थियो।

सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रबाट शंकास्पद रूपमा ओसारपसार भइरहेको आधारमा नियन्त्रणमा लिएको बताएको थियो भने किसानहरूले आफ्नै फार्ममा उत्पादित कुखुरालाई भारतीय भन्दै नियन्त्रणमा लिएको आरोप लगाएका थिए।

व्यवसायीहरूले फार्म दर्ता, अनलाइन इन्ट्री, चल्ला तथा दाना खरिदको बिल र भेटेरिनरी प्रमाणपत्रलगायत आवश्यक सबै कागजात साथमै रहेको दाबी गर्दै आएका थिए। जीवित कुखुरा धेरै समय नियन्त्रणमा राख्दा निसास्सिएर मर्ने र लाखौंको क्षति हुने भन्दै जिल्ला कुखुरा व्यावसायिक किसान संघले विरोध जनाएको थियो।

संघका सचिव राधेश्याम साहले खुला सीमाबाट हुने भारतीय कुखुराको अवैध आयात रोक्न किसानहरू तीन सातादेखि आन्दोलनमा रहेको स्मरण गराउँदै स्वदेशी उत्पादनलाई अनावश्यक दुःख नदिन आग्रह गरेका थिए।

भन्सार कार्यालयले व्यावहारिक पक्ष र स्थानीय तहको सिफारिसलाई हेरेर कुखुरा व्यवसायीलाई फिर्ता गरेपछि तत्कालका लागि किसानको सम्भावित आर्थिक क्षति टरेको छ।

यद्यपि, बिलबिजक र करसम्बन्धी अनियमितताको विषयमा भने आन्तरिक राजस्व कार्यालय सिमराले थप अनुसन्धान अघि बढाउने भएको छ।

## छानबिनको चक्र: समिति बन्छन्, दराजमै थन्किन्छन् ...........

सुस्त बनेको गृह मन्त्रालयपछि भने गृहमन्त्री आफैं फिल्डमा खटिएका थिए।

मृतकका परिवारदेखि घाइतेलाई भेट्नेसम्म र विवाद मत्थर पार्ने प्रयासका लागि त्यतिबेला गृहमन्त्री गुरुङ निकै सक्रिय देखिएका थिए। उनले छानबिन गरेर दोषीलाई कारबाही गर्नेदेखि क्षतिपूर्ति, सहिद घोषणालगायत विषयमा सहमति गरे।

सुनसरी र सिरहामा गोली लागेर चार जनाको ज्यान गएको घटनामा छानबिन गर्ने र दोषीलाई हदैसम्मको कारबाही गर्ने भन्दै समिति बनाइयो।

समितिले बुझाएको प्रतिवेदनमा पनि कारबाही सिफारिसका विषयहरू उल्लेख छन् । सुरक्षाकर्मीले नै चलाएको गोलीबाट चार युवाको ज्यान गएको समितिले निष्कर्ष निकाल्यो। सिरहा घटनामा त सबै सुरक्षा निकायहरूले आफूले गोली नचलाएको दाबी गरेका थिए।

छानबिन समितिका एक सदस्यका अनुसार सुनसरीमा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट जम्मा २० राउन्ड गोली चलेको पाइएको छ। दुवैले चलाएको गोलीबाट तीन जनाको मृत्यु भएको बताइएको छ।

कप्तानगञ्जमा सुरुमा सुरक्षाकर्मीको गोली लागेर स्थानीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो। घाइते भई उपचाररत रहेका जयप्रकाश मेहता र रवीन्द्र मेहताको पनि मृत्यु भएको थियो।

कप्तानगञ्जमा भएको झडप नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय देवानगञ्जका इन्स्पेक्टर राकेश राई र प्रहरी चौकी कप्तानगञ्जका असई प्रकाशकुमार श्रेष्ठ फिल्डमा खटिएका थिए।

यो विवाद फैलिएर सिरहासम्म पुग्दा अर्को एक युवकको ज्यान गयो। प्रहरीले चलाएको गोलीका कारण गणेश यादवको मृत्यु भयो। सिरहामा घटना भएको ठाउँमा जम्मा ९ राउन्ड गोली चलेको समितिको प्रतिवेदनमा उल्लेख छ। जसमध्ये ७ राउन्ड डमी र २ राउन्ड पेस्तोलबाट गोली चलेको छानबिन समितिले पत्ता लगायो।

पेस्तोलबाट चलेको एउटा गोलीबाट गणेश यादवको मृत्यु भएको र अर्को गोलीबाट अर्का व्यक्ति घाइते भएको प्रतिवेदनमा उल्लेख छ। गोलबजारमा प्रहरी इन्स्पेक्टर सुदन केसी भिड नियन्त्रणमा खटिएका थिए। त्यतिबेलै गोली चलेको बताइएको छ।

गोली चलाउने सुरक्षाकर्मीलाई समितिले कारबाही सिफारिस गरेको थियो। कुनै दफा तोकेर भन्दा पनि कानुनबमोजिम कारबाही गर्न भनेर सिफारिस गरिएको समिति स्रोत बताउँछ।

प्रतिवेदन बुझेपछि मन्त्रालयका सहप्रवक्ता रमा आचार्यले 'अध्ययन गरेर कारबाही गरिने' भन्दै प्रतिक्रिया दिएकी थिइन्। तर प्रतिवेदन बुझेको एक महिना हुँदासमेत कारबाहीको कुनै प्रक्रिया अघि बढ्न सकेको छैन।

१० साउन राति १० बजेतिर चर्को आवाजमा डीजे बजाएको विषयमा विवाद हुँदा झडप भएको थियो। हिन्दु र मुस्लिमको यो तनावमा घरेलु हतियारसहित आक्रमण सुरु भएको र प्रहरीले बल प्रयोग गरेको बताइएको थियो।

सुनसरी, सिरहा घटनाको मात्रै होइन; अन्य समितिका प्रतिवेदनहरूको अवस्था पनि उस्तै छ । जेनजी आन्दोलनबारे छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वमा बनेको आयोगले बुझाएको प्रतिवेदनको अवस्था पनि उस्तै छ।

कार्की आयोगको यो प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

सुरक्षाकर्मी निकायबाहेक अन्यको हकमा तत्काल कार्यान्वयन गर्ने भन्दै प्रधानमन्त्री बालेन्द्र शाहको पहिलो मन्त्रिपरिषद् बैठकले निर्णय गरेको थियो।

सुरक्षा निकायको हकमा भने प्रतिवेदन अध्ययन गर्न भन्दै समिति बनाइयो।

पूर्वन्यायाधीश प्रेमराज कार्कीको नेतृत्वमा नेपाल प्रहरीका एआईजी टेकप्रसाद राई र सशस्त्र प्रहरीका एआईजी सुबोध अधिकारी सदस्य रहे। यो समितिले अध्ययन सकेको दुई महिना पूरा हुन लागेको छ। तर कतिसम्म भने उनीहरूले प्रतिवेदन बुझाउन समय माग्दासमेत नपाउने अवस्था बन्यो।

'प्रधानमन्त्री कार्यालयले गृह मन्त्रालयलाई देखाउने, गृह मन्त्रालयले प्रधानमन्त्री कार्यालयलाई देखाउने अवस्था बन्यो। प्रतिवेदन बुझाउन समय माग्दासमेत पाइएन,' समिति स्रोतले भन्यो, 'पछि बल्ल गृह मन्त्रालयमा बुझाइयो।'

कार्की आयोगले सुरक्षाकर्मीहरूलाई समेत फौजदारी कसुरमा कारबाही गर्न सिफारिस गरेको थियो । तत्कालीन आईजीपीदेखि फिल्डका कमान्डरसम्म, गृहसचिव, काठमाडौंका सीडीओसम्मलाई कारबाही सिफारिस गरेको थियो।

यही कारबाहीबारे अध्ययन गरेपछि मात्रै कारबाही प्रक्रिया अघि बढ्ने बताइएको थियो । तर अध्ययन समितिले प्रतिवेदन बुझाइसक्दा पनि यसबारे सरकार भने मौन छ।

गत वर्ष २३ र २४ भदौमा भएको 'जेन-जी' आन्दोलनबारे नै मानव अधिकार आयोगले समेत छानबिन गरेको थियो। आयोगले पनि प्रतिवेदन बुझाएको थियो।

तर उक्त प्रतिवेदनमा अहिलेसम्म कारबाही हुन सकेको छैन। आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङलाई कारबाही सिफारिस गरेको थियो।

भदौ २४ को घटनामा हालका गृहमन्त्री सुधन गुरुङमाथि समेत थप अनुसन्धान गर्न भनिएको थियो। आयोगले अनुसन्धान गर्न भनिएका गुरुङ आफैं अहिले गृहमन्त्री छन् । यसबाहेक रास्वपाका धेरै नै नेतामाथि अनुसन्धान गर्नुपर्ने आयोगको सिफारिस छ। यो प्रतिवेदन पनि कार्यान्वयनमा आउन सकेको छैन।

यस्ता धेरै समितिका प्रतिवेदनहरू कार्यान्वयनमा आएका छैनन्। सुन तस्करीबारे छानबिन गर्न बनेको डिल्लीराज आचार्य नेतृत्वको आयोगदेखि ईश्वरराज पौडेलको नेतृत्वमा बनेको समितिका प्रतिवेदनहरू न अहिलेसम्म सार्वजनिक नै भए, न कारबाही प्रक्रिया नै अघि बढ्यो।

त्योभन्दा पछि २०५५ सालमा पनि सुन तस्करीबारे छानबिन गर्न परी थापाको नेतृत्वमा समिति बनेको थियो। उक्त प्रतिवेदन पनि गुपचुपमै छ।

प्रतिवेदन बुझाए पनि कार्यान्वयन नहुने र गुपचुपमै राख्नुलाई 'नियतसँग जोडेर हेर्नुपर्ने' पूर्वगृहसचिव चण्डीप्रसाद श्रेष्ठको भनाइ छ।

'कार्यान्वयन नहुनुमा नियत सफा छैन भन्ने हो। कार्यान्वयन गर्दा आफ्ना मान्छे पनि पर्ने भएपछि त्यो कारबाही भएको देखिँदैन। विपक्षी पर्ने भए तुरुन्तै हुन्छ। यो पुरानो रोग अहिले पनि छ,' उनी भन्छन्।

अझ कतिपय घटनामा त माग गर्ने तथा पीडित पक्षलाई अल्झाउनकै लागि समिति बनाउने प्रवृत्तिसमेत देखिएकाले त्यस्ता प्रतिवेदनहरू कार्यान्वयन नहुने बुझाइ उनको छ।

'केही समस्या भयो। पीडितले वा माग गर्नेले प्रदर्शन गरेर अर्को समस्या निम्त्याउने अवस्था आउन लाग्यो भने एउटा समिति बनाउने अनि त्यही समितिको पछि-पछि आन्दोलन गर्ने पक्ष कुद्छ। बिस्तारै घटना मत्थर हुँदै जान्छ। यसको मतलब 'टाइम किल' गर्न समिति गठन गरेको देखिन्छ,' उनी भन्छन्।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*

